# संघीय संसद
# प्रतिनिधि सभा
### चौथो अधिवेशन
## बैठक संख्या - १९ र २०

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ २३ गते बिहीबार

---

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै मा० श्री मिना सुब्बाले सुनसरीको धरानमा डेंगु रोग फैलिएर थुप्रै मानिसहरु संक्रमित हुन पुगेको र अझै नियन्त्रण बाहिर रहेकोले सो रोग नियन्त्रणका लागि सरकारले शिघ्र आवश्यक कदम चालोस् भनी सरकारको ध्यानाकर्षण गराउनु भयो ।

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री लालकाजी गुरुङ्ग
३. मा० श्री विमला विश्वकर्मा
४. मा० श्री बिरोध खतिवडा
५. मा० श्री बोधमाया कुमारी यादव
६. मा० श्री सरिता कुमारी गिरी
७. मा० श्री सरवत आरा खानम
८. मा० श्री सीतादेवी यादव
९. मा० श्री सुजाता परियार
१०. मा० श्री सुदन किरांती
११. मा० श्री सूर्यप्रसाद पाठक
१२. मा० श्री सञ्जय कुमार गौतम
१३. मा० श्री हिरा गुरुङ्ग
१४. मा० श्री ज्ञानकुमारी छन्त्याल
१५. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

त्यसपछि आ.व. २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको जारी सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री सोमप्रसाद पाण्डेय
२. मा० श्री बालकृष्ण खांण
३. मा० श्री कल्याणी कुमारी खड्का
४. मा० श्री प्रकाशमान सिंह
५. मा० श्री कृष्णप्रसाद दाहाल
६. मा० श्री चन्दा चौधरी
७. मा० श्री सितादेवी यादव
८. मा० श्री विन्दा पाण्डे
९. मा० श्री पुष्पा भुसाल (गौतम)
१०. मा० श्री जनार्दन शर्मा
११. मा० श्री हितबहादुर तामाङ
१२. मा० श्री उमेश श्रेष्ठ

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात मा० अर्थमन्त्री डा० युवराज खतिवडाले आ.व. २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उठेका प्रश्नहरुको उत्तर दिनुभयो ।

त्यसपछि मा० अर्थमन्त्रीले दिनु भएको उत्तरको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री भरतकुमार शाह
३. मा० श्री मानबहादुर विश्वकर्मा
४. मा० श्री दिलेन्द्र प्रसाद बडू
५. मा० श्री पुष्पा भुसाल (गौतम)
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री रामबहादुर विष्ट
८. मा० श्री खगराज अधिकारी
९. मा० श्री मिनेन्द्रप्रसाद रिजाल
१०. मा० श्री पार्वता डि.सी. (चौधरी)
११. मा० श्री सञ्जय कुमार गौतम
१२. मा० श्री दिव्यमणि राजभण्डारी
१३. मा० श्री जनार्दन शर्मा
१४. मा० श्री प्रदिप यादव

| | |
|---|---|
| १५.  मा० श्री हिरा गुरुङ्ग | १७.  मा० डा० अमरेश कुमार सिंह |
| १६.  मा० श्री सुजाता परियार | |

तदुपरान्त मा० अर्थमन्त्री डा० युवराज खतिवडाले उक्त स्पष्टिकरणहरुको सम्बन्धमा स्पष्ट पार्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले आ.व. २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि मा० अर्थमन्त्री डा० युवराज खतिवडाले "विनियोजन विधेयक, २०७६" पेश गर्नुभयो ।

तदुपरान्त मा० अर्थमन्त्री डा० युवराज खतिवडाले "राष्ट्र ऋण उठाउने विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम "राष्ट्र ऋण उठाउने विधेयक, २०७६" माथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थमन्त्री डा० युवराज खतिवडाले "राष्ट्र ऋण उठाउने विधेयक, २०७६" पेश गर्नुभयो ।

त्यसपछि मा० अर्थमन्त्री डा० युवराज खतिवडाले "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६" माथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थमन्त्री डा० युवराज खतिवडाले "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६" पेश गर्नुभयो ।

तदनन्तर बैठक आजै दश मिनेटपछि बस्नेगरी दिनको २:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको २:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम "विनियोजन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

| | |
|---|---|
| १.  मा० श्री प्रेम सुवाल | ३.  मा० श्री दिलेन्द्र प्रसाद बडू |
| २.  मा० श्री लक्ष्मी परियार | ४.  मा० श्री पार्वता डि.सी. (चौधरी) |

तदुपरान्त मा० अर्थमन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "विनियोजन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ को विभिन्न मन्त्रालय एवं सचिवालय अन्तर्गतका विभिन्न शिर्षकहरुमाथि छलफल गर्न र सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिन समेतका लागि यही २०७६ साल जेठ २७ गतेदेखि असार ६ गतेसम्मका दिनहरु तोकेको व्यहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा विभिन्न मन्त्रालय एवं सचिवालय र सो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित विभिन्न शिर्षकहरु अन्तर्गतको छलफलमा भाग लिनुहुने मा० सदस्यहरुको नाम सम्बन्धित दलिय प्रतिनिधि मार्फत सम्बन्धित मन्त्रालयको विनियोजन शिर्षकहरुमाथि छलफल हुने दिन बैठक बस्नु एक घण्टा अगावै कार्यव्यवस्था शाखा, प्रतिनिधि सभा, संघीय संसद सचिवालय, नयाँ वानेश्वरमा उपलब्ध गराई दिनुहुन समेत अनुरोध गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल जेठ २७ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी दिनको ३:०५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव